नेपाल सरकार विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय वार्षिक प्रगति समीक्षा, २०७२ सम्वन्धी प्रेस विज्ञप्ती

आज विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र अन्तर्गत निकायहरुका आ.व. २०७१/७२ मा सञ्चालन भइरहेका वार्षिक कार्यक्रम तथा आयोजनाहरुको वार्षिक प्रगति समीक्षा गर्ने शिलशिलामा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखरेलज्यूको प्रमुख आतिथ्यता तथा यस मन्त्रालयका सचिव डा. कृष्ण चन्द्र पौडेलज्यूको अध्यक्षतामा, मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक बसी आ.व. ०७१/७२ मा सञ्चालित कार्यक्रमहरुको वार्षिक प्रगति समीक्षा गर्ने कार्य सम्पन्न भयो । समीक्षा बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूका प्रशासनिक सल्लाहकार श्री बाबुराम आचार्य, नेपाल सरकारका निमित्त मुख्य सचिव श्री नारायण गोपाल मलेगुज्यू अर्थ मन्त्रालयका प्रतिनिधि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयका प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालयका प्रतिनिधिका साथै मन्त्रालय अन्तर्गत विभाग, कार्यालय तथा निकायका प्रमुखहरुको उपस्थिति रही यस अवधिमा मन्त्रालय र अन्तर्गत संचालित विकास आयोजना तथा कार्यक्रमहरुको उपलब्धी, प्रगति हासिल हुन नसक्नाका कारणहरु, कार्यान्वयनमा देखिएका समस्याहरु र समाधानको उपायहरुका विषयमा छलफल गरियो ।

सो अवसरमा प्रमुख अतिथि राष्ट्रिय योजनाका माननीय उपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखरेलज्यूले कार्यक्रमहरुको समग्र उपलब्धी अत्यन्त राम्रो रहेको तथा कर्मचारीहरुले पदमा वहाल रहँदाको अवस्थामा राम्रा काम गर्न सके कार्यक्रमको प्रगति राम्रो देखिने हुँदा आगामी कार्यक्रमहरु सञ्चालन गर्दा उपलब्धीमूलक हुने गरी कार्ययोजना सहित कार्यक्रम कार्यान्वयनमा सक्रिय हुन निर्देशन दिनुभयो । त्यसैगरी कार्यक्रममा विशेष अतिथि नेपाल सरकारका निमित्त मुख्य सचिव श्री नारायण गोपाल मलेगुज्यूले मन्त्रालयको समग्र प्रगति सन्तोषजनक देखिएको, मन्त्रालयले सम्पादन गरेका राम्रा कामहरुलाई सर्वसाधरण समक्ष प्रचार प्रसार गर्नुपर्ने, वातावरण संरक्षणको काम अन्तर निकायसंग सम्वन्धित भएकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वयको भुमिका निभाउने, प्रगति कम भएका आयोजनाहरुको प्रगति कम भएका कारण अन्तर निकाय बसी निर्क्यौल गर्ने, कार्यक्रम राख्दा योजना तर्जुमाको अवस्थामानै विशेष ध्यान दिने र साधन स्रोतलाई सदुपयोग गर्ने तर्फ विशेष ध्यान दिन निर्देशन दिनुभयो । सो अवसरमा मन्त्रालयका सचिव डा. कृष्ण चन्द्र पौडेलज्यूले छलफलमा प्राप्त हुन आएका सुझावहरुलाई ध्यान दिई आफुले सम्पादन गर्नुपर्ने कार्यहरु जनगुनाासो नआउने गरी समयमै सम्पादन गर्ने, राष्ट्र सेवक कर्मचारीहरुले आफ्नो चिन्तन, कार्यशैली, आचरण र व्यवहारमा परिष्कृत एवं सुधार गर्ने, संस्थागत क्षमताको विकास गर्ने, मन्त्रालय अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुलाई उपलब्धीमूलक एवं मितव्ययी ढंगले खर्च गर्ने, विज्ञान र प्रविधितर्फ विशेष जोड दिने तथा कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रम कार्यान्वयन योजना, खरिद योजना र वार्षिक अनुगमन योजना सहित तोकिएको समयमा सम्पादन गर्ने प्रतिवद्धता गर्नु हुदै सो अनुरुप कार्य सम्पादन गर्न मातहतका निकायहरुलाई निर्देशन दिनुभयो ।

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय अन्तर्गत आ.व. २०७१/०७२ मा संचालित १८ वटा विकास आयोजना एवं कार्यक्रमहरु मध्ये १३ वटा कार्यक्रमको प्रगति ८० प्रतिशत भन्दा माथि, ४ वटा कार्यक्रमको प्रगति ५० देखि ७९ प्रतिशतसम्म र ३ वटा कार्यक्रमको प्रगति ५० प्रतिशत भन्दा कम रहेको छ ।

(महेन्द्र कुमार थापा)
सह-सचिव
एवं
प्रवक्ता